# संघीय संसद

अधिवेशन, २०८०

# संयुक्त बैठक

## बैठक संख्या - ४

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १४ गते आइतबार

---

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका माननीय सभापति श्री ध्रुव बहादुर प्रधानले “संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदनमाथिको संशोधन सहितको दफावार छलफल सदनमा गरियोस्” भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदनमाथिको दफावार छलफलमा निम्नलिखित संशोधनकर्ता माननीय सदस्यहरुले आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० डा० अमरेश कुमार सिंह
२. मूल संशोधनकर्ता मा० श्री जितेन्द्र नारायण देव
३. मा० श्री प्रभु साह
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री प्रेम सुवाल
६. मा० डा० विमला राई पौड्याल

तत्पश्चात संयुक्त संशोधनका निम्नलिखित अन्य संशोधनकर्ता माननीय सदस्यहरुले मस्यौदा प्रतिवेदनमाथिको दफावार छलफलमा भाग लिनुभयो ।

१. मा० श्री भगवती न्यौपाने
२. मा० श्री माया प्रसाद शर्मा
३. मा० श्री उदय बहादुर बोहोरा
४. मा० श्री प्रकाश पन्थ

त्यसपछि संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका माननीय सभापति श्री ध्रुव बहादुर प्रधानले छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय श्री खिमलाल देवकोटा र माननीय श्री जितेन्द्रनारायण देवले “संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन” माथि राख्नुभएको आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गरिरहन नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसैगरी निम्नलिखित माननीय सदस्यहरुले “संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन” माथि राख्नुभएको आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री प्रभु साह
३. मा० श्री सुमना श्रेष्ठ
४. मा० श्री प्रेम सुवाल
५. मा० डा० विमला राई पौड्याल

तत्पश्चात सम्माननीय सभामुखले “संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन” को नियम २ देखि ४५ सम्म र सम्बन्धित अनुसूची “संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८०” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले “संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को मस्यौदा प्रतिवेदन” को प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ क्रमशः पढेर सुनाउनु हुँदै

“संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८०” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिका मा० सभापति श्री ध्रुव बहादुर प्रधानले “संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० अर्थ मन्त्रीबाट नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान मिति २०८० जेठ १५ गते सोमबार दिनको ४:१५ बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने कार्यक्रम रहेको जानकारी गराउँनुहुँदै उक्त दिनको बैठकमा दुवै सभाका सम्पूर्ण माननीय सदस्यहरु दिनको ४:०० बजे अगाडि नै प्रतिनिधि सभाको बैठक कक्षमा उपस्थित हुनुभई आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुभयो ।

तदन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक २०८० जेठ १५ गते सोमबार दिनको ४:१५ बजे बस्ने गरी दिनको १:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव